# स्वशासन अध्ययन प्रतिष्ठानको चौधौं साधारण सभा, २०७५मा

## कार्यकारी अध्यक्षश्री बंशीधर घिमिरेको तर्फवाट सचिव तथा निर्देशक श्री विनोद प्रसाद ढकालद्वारा प्रस्तुत आ. व. २०७४/७५ को कार्य प्रगति तथा आ. व. २०७५/७६ को नीति तथा कार्यक्रम

आदरणीय अध्यक्षज्यू तथा सदस्यज्यूहरु

प्रतिष्ठानका कार्यकारी अध्यक्ष श्री बंशीधर घिमिरेको अनुमतिले प्रतिष्ठानको बार्षिक नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु :

यस गरिमामय सभामा प्रतिष्ठानको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा यहाँहरु सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।

स्थानीय स्वायत्त शासनका विविध क्षेत्रहरुमा कार्यमूलक अध्ययन अनुसन्धान गर्दै स्थानीय शासन सम्बन्धी नीति, रणनीति, कार्यविधि तयारी र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन प्रक्रियामा स्थानीय तहका सरकारहरुसंग सहकार्य गरिरहेको प्रतिष्ठानले प्रभावकारी रुपमा आफ्ना गतिविधिहरु संचालन गर्दै आएको छ । नेपालको सर्वाङ्गीण विकास विकेन्द्रित शासन पद्धतिबाट मात्र सम्भव छ भन्ने सिद्धान्तबाट अभिप्रेरित भई स्थानीय स्वायत्त शासन पद्धतिका मूलभूत आधारहरुको प्रवर्द्धन गर्दै स्थानीय विकास प्रक्रियामा सघाउ पुग्ने गरी विगत तेह्र वर्षदेखि यस प्रतिष्ठानले काम गर्दै आएको छ । यस अवधिमा प्राप्त अवसरको उपयोग गर्दै आफ्नो लक्ष्य प्राप्तिमा लागि परेको यस प्रतिष्ठान स्थानीय स्वायत्त शासनको क्षेत्रमा काम गर्ने नेपालको एक विशिष्टीकृत संस्थाको रुपमा स्थापित भैसकेको छ ।

मुलुक एकात्मक शासनबाट संघीय शासन पद्धतिमा गएको हालको अवस्थामा स्वशासन अध्ययन प्रतिष्ठानका गतिविधिहरु समेत सोही अनुरुप सञ्चालन हुनुपर्ने भएको छ । गतवर्ष तिनवटै तहको निर्वाचन सम्पन्न भै संघीय संरचना अनुसारका सरकारहरु गठन भै सकेका छन् । विगतका स्थानीय निकायहरु स्थानीय सरकारको रुपमा आएका छन् । सीमित स्रोत साधन र संस्थागत क्षमताका बावजुद स्थानीय सरकारहरु आफ्ना महत्वाकांक्षी योजना सार्वजनिक गरिरहेका छन् । तथापि यस अनुरुप कार्य गर्ने अनुभव, अभ्यास र संस्थागत संरचना वन्दै गरेको अवस्थामा आमनागरिकले अपेक्षित सेवा नपाएको गुनासो गरिरहेका छन् । आगामी दिनमा प्रतिष्ठानको कार्यक्रम यस तर्फ लक्षित हुनु पर्ने देखिन्छ ।

सदस्यज्यूहरु

अव म प्रतिष्ठानले गतआ. व. २०७४/७५मा सम्पन्न गरेका कार्यहरुको संक्षिप्त रुप पेश गर्ने अनुमति चाहन्छु ।

## १) स्थानीय तहका पदाधिकारीहरुलाई क्षमता विकास तालिम

नेपालमा संघ, प्रदेश र स्थानीयतह गरी तीनवटै तहका सरकारले संविधान र कानूनको सीमाभित्र रहि आफ्नो अधिकारको  प्रयोग गर्ने अवसर प्राप्त गरेका छन् ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य, अधिकार र कार्य पद्धतिको वारेमा स्पष्ट व्याख्या गरेको छ । ऐनको परिधिभित्र रहि सरल र सहज ढंगले सार्वजनिक सेवा प्रवाह गर्नु सबै स्थानीय तहको जिम्मेवारी हो । यसै विषयलाई ध्यानमा राखि स्वशासन अध्ययन प्रतिष्ठानले प्याक्ट/साझेदारी विकास परियोजना/ यूएस्एआईडी संगको साझेदारीमा वडा समितिका पदाधिकारीको लागि क्षमता विकास तालिम प्याकेज ( तालिम पाठ्यक्रम, म्यानुअल र स्रोत पुस्तिका)  तयार गरेको छ । प्याक्ट को सहयोगमा यस सामग्रीको प्रयोग गरी विभिन्न नगर/ गाउँपालिका का महिला सदस्यहरुको लागि तिन दिने क्षमता विकास तालिम दिईएको छ । यसवाट महिला जनप्रतिनिधिहरुको क्षमता विकासमा सहयोग पुगेको छ । प्रतिष्ठानले तयार गरेको यो सामग्री नेपालका सबै नगर/ गाउँपालिकाहरुका लागि उपयोगी छन् ।

## २) पोखरा महानगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (२) (घ) ले स्थानीय तहलाई स्थानीय कर, सेवा शुल्क तथा दस्तुर तोक्ने अधिकार दिएको छ । यस्तै दफा (४) (घ) मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्कसमेतबाट राजश्व असुलउपर गर्ने व्यवस्था गरेको छ । सोही ऐनको परिच्छेद ९ दफा ५४ देखि ६४ सम्म स्थानीय तहको वित्तीय अधिकार क्षेत्रका बारेमा व्यवस्था गरिएको छ । यी अधिकारहरु प्रयोग गर्न स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति जस्ता संरचनाहरूको व्यवस्था गरी स्थानीय तहको वित्तीय स्रोत व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन र सेवा प्रवाहको अवस्थामा सुधार ल्याउने कानुनी व्यवस्था गरिएको छ ।

नगरपालिकाहरुले आफ्नो आन्तरिक क्षमतामा सुधार ल्याई राजश्व संकलनको अवस्थामा सुधार ल्याृने आवश्यक छ । कर्मचारी दरबन्दी प्रस्ताव गर्दा आवश्यक तलब, भत्ता, संचय कोष, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च र व्यहोर्ने श्रोत समेत स्पष्ट खुलाउनुपर्ने हुन्छ । यसै तथ्यलाई ध्यानमा राख्दै स्वशासन अध्ययन प्रतिष्ठानले स्थानीय निकाय वित्तीय आयोगको सचिवालय र पोखरा महानगरपालिका संगको सहकार्यमा पोखरा महानगरपालिकाको राजश्व्य सम्भाव्यता अध्ययन गरेको छ । यस अध्ययनले महानगरको हालको वित्तीय अवस्था र भविश्यमा प्राप्त हुन सक्ने थप स्रोतको अनुमान गरेको छ । यस प्रतिवेदनले औल्याएका विषयहरुको सम्वोधन गर्दै कार्य गर्न सकेमा महानगरको राजश्व वृद्धि हुन सक्दछ । यो प्रतिवेदन नेपालका अन्य नगरपालिकाहरुको लागि समेत उपयोगी हुनेछ ।

## ३) कमलामाई र पनौती युवा रोजगारीको अवस्था

युवा रोजगारीको बिषय संसारका सबै मुलुकको चासोको बिषय वनेको छ । नेपालमा पनि कूल जनसंख्याको झण्डै ४३ प्रतिशत युवा (१६-४० बर्ष) भएकाले यो उमेरका मानिसका लागि शिक्षा तथा स्वास्थ्यमा सहज पहुंचको व्यवस्था मिलाई देश विकासका विभिन्न क्षेत्रमा परिचालन गरेर सक्षम युवा संम्बृद्ध राष्ट्रको मान्यता कायम गर्नु नितान्त आवश्यक छ । तर स्वदेशमा आवश्यक रोजगारी सजिलै

प्राप्त नहुदा कतिपय नेपाली युवा विदेशीन वाध्य भएका छन् । वि.सं. २०७२ साल बैशाख १२ गतेको महाभूकम्प पछिको पुन:स्थापना तथा पुन:निर्माणको अवस्थामा आईपुग्दा राज्यमा दक्ष, योग्य सक्षम युवा जनशक्तिको विकास र विस्तार गर्नुपर्ने देखिएको छ । यसै विषयलाई ध्यानमा राख्दै स्वशासन अध्ययन प्रतिष्ठानले युवा तथा खेलकुद मन्त्रालय संगको सहकार्यमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिकामा युवा रोजगारीको सम्भावना का वारेमा एक अध्ययन गरेको छ ।

यी दुवै नगरपालिकाहरुमा युवा जनसंख्या मुलुकको औषत भन्दा वढी देखिएको छ । कमलामाईका धेरै युवा वैदेशिक रोजगारीका लागि गएका छन् । पनौतिमा वेरोजगार युवा धेरै देखिएका छन् ।कमलामाई नगरपालिकाको कूल २४,५२७ युवा जनसंख्या मध्ये करिव २८.०८ प्रतिशत र पनौती नगरपालिकाको २०,३३९ युवा जनसंख्या मध्ये करिव २६.६८ प्रतिशत पूर्णरुपमा रोजगारीमा लागेका छन् ।

### ४) पोखरा खेलकुद शहर सम्भाव्यता अध्ययन

खेल स्वास्थ्यका लागि र स्वस्थ खेलाडी देशका लागि भन्ने कुरा मननयोग्य छ । खेलकुद शहरको विकास आधुनिक सभ्यतासंग पनि जोडिएको छ । खुल्ला र खाली चौर लाई खेल खेल्ने स्थानको रूपमा मानव सभ्यताको सुरू देखिकै उपयोग गरिदै आएको हो । हालैको वर्षहरूमा खुल्ला चौरको सट्टा व्यवस्थित खेल मैदान तथा रंगशालाहरु निर्माण गरि खेलकुद प्रतियोगिताहरु संचालन गर्ने क्रम वढेको छ । आधुनिक सुविधा सम्पन्न रंगशाला, भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य सुविधा, यातायात तथा संचार सुविधा, पार्किङ्ग स्थल, आराम गृह, चमेना गृह, स्नानघर, शौचालय सहितको खेल मैदानहरू र भोजन तथा आवासको सुविधा, मनोरञ्जन स्थल, शन्ति सुरक्षा र स्थानीय वातावरण खेलकुद शहरका न्यूनतम् आवश्यकताहरु हुन् ।

यूवा तथा खेलकुद मन्त्रालयले पोखरा र आसपासको क्षेत्रलाई समेटेर खेलकुद शहर को विकास गर्ने लक्ष्य लिएको छ । यसै सन्दर्भमा स्वशासन अध्ययन प्रतिष्ठानले मन्त्रालयसंगको सहकार्यमा पोखरा खेलकुद शहर संभाव्यता अध्ययन कार्य सम्पन्न गरेको छ । पोखराको भौगोलिक, सामाजिक तथा भौतिक पूर्वाधारको अवस्था लगायत खेल र खेलाडीको अवस्थालाई आधार मानी यो अध्ययन भएको छ । यसले पोखरालाई खेलकुद शहरको रुपमा विकास गर्नका लागि अपनाउनुपर्ने नीति तथा रणनीतिगत योजना तर्जुमा गर्ने आधार तयार गरेको छ ।

पोखरा शहर जल, आकास र जमिन तिनै ठाउँमा खेलिने खेलका लागि उपयुक्त देखिएको छ । यहाँ खेलकुद प्रति समाजका सवै उमेर, वर्ग र पेशाका मानिसहरुको चासो भएको पाईयो । सेती नदीको पूर्वी किनारमा अवस्थित ४१७ रोपनी क्षेत्रफलमा फैलिएको पोखरा रंगशालाका अलावा पोखराको शहरी क्षेत्रमा रहेका कतिपय सामुदायिक तथा संस्थागत विद्यालयहरूको आफ्नै कम्पाउण्डमा पनि खेलमैदान छन् । यी खेल मैदान धेरैजसो खुल्ला चौरका रूपमा छन् । यस्ता खेल मैदानहरु विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरुको लागि प्रयोग हुने गरेको छ । निजी क्षेत्रवाट आयोजना हुने कतिपय खेलकुद प्रतियोगिताहरु यस्ता मैदानहरुमा हुने गरेका छन् । मौजुदा संस्थागत संयन्त्र र उपलव्ध भौतिक संरचना तथा सेवा सुविधामा थप विकास गर्दै जाने गरी निश्चित योजना साथ कार्य गरेमा पोखरालाई खेल शहरको रुपमा विकास गर्न सकिने सम्भावना छ । यो प्रतिवेदन मन्त्रालयमा पेश गरि सकिएको छ ।

## ५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत रणनीति मध्यावधि मूल्यांकन

संवैधानिक निकायका रूपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेका सम्बन्धमा कानून बमोजिम अनुसन्धान, तहकिकात र अभियोजन सम्बन्धी कार्यहरु गर्दै आएको छ । आयोगले नेपाललाई भ्रष्टाचारमुक्त मुलुकको रूपमा स्थापित गर्ने दुरदृष्टि राखेर तयार गरेको संस्थागत रणनीति (२०१४-२०१९) ले सन् २०१९ सम्ममा सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारमा उल्लेख्य कमी आएको अनुभूत हुनेछ भन्ने लक्ष राखेकोछ । निर्धारित लक्ष्यको नतिजा प्राप्तिका लागि उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक पक्षहरू समेटिएका ३ वटा मुख्य रणनीति र संस्थागत क्षमता विकास, आन्तरिक समन्वय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध विकास र विस्तार सम्वन्धिका ३ वटा परिपूरक सूचक रहेका छन् । आयोगको वार्षिक कार्यक्रम अनुसार यस रणनीतिको कार्यान्वयनको चौथो वर्षमा रणनीतिको मध्यावधी मूल्यांकन गरिएको छ । यो कार्य स्वशासन अध्ययन प्रतिष्ठानले सम्पन्न गरेको छ । रणनीतिले मुख्य रुपमा पहिचान गरेका ४४ वटा सूचकहरु मध्ये अधिकांसको कार्यान्वयन अवस्था राम्रो रहेको पाईएको छ ।

## ६) बालमैत्री स्थानीय शासन प्रवर्द्धन

स्वशासन अध्ययन प्रतिष्ठानले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (साविक), युनिसेफ नेपाल, वर्ल्ड भिजन र स्थानीय निकाय (साविक) संगको साझेदारीमा आ.वं. २०६६/६७ देखि आ.व. २०७४/७५ सम्म निरन्तर रुपमा बाल बचाउँ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, कार्य पद्धति र व्यवहारमा संस्थागत गर्न बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कार्यहरु गरेको छ । खासगरी बालबालिका सम्वन्धी कार्यहरुको विश्लेषण र प्रतिवेदन तयारी, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधिको मस्यौदा तयारी, बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यविधि र म्यानुअलहरु तयारी, बालमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षण संचालन, बालमैत्री स्थानीय शासन कार्यान्वयनमा प्राविधिक सहयोग, अनुगमन र अध्ययन विश्लेषणका साथै बालबालिहरुका लागि विभिन्न सहभागीतामुलक कार्यक्रम तथा तालिमहरुमा सहयोग पुऱ्याएको छ । हाल यो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

नेपाल सरकारले जारी गरेको रणनीति तथा कार्यविधिको आधारमा विगतमा १२ वटा स्थानीय निकायहरु (साविकका १० गाउँ विकास समिति, १ नगरपालिका, १ उपमहानगरपालिका) बालमैत्री घोषणा भै सकेका छन् । बालमैत्री स्थानीय शासन कार्यान्वयनमा प्राप्त भएका अवसर, देखिएका चुनौती र समाधानका प्रयासहरु महत्वपूर्ण विषय हुन सक्दछन् । साथै यस कार्यमा बालबालिका (बाल क्लव/संजाल) को सहभागिता र भूमिका, विषयगत निकायहरुको अपनत्व, सहयोगी निकाय (सरकारी, गैर सरकारी, सहकारी, सामुदायिक संस्था, विकास साझेदार, राजनैतिक दल, निजी क्षेत्र, आदि) को सहयोग, स्थानीय समुदायको भूमिका र स्थानीय निकायहरुको नेतृत्व के कस्तो रह्यो भन्ने विषय समेत महत्वपूर्ण हुन्छ । यसका अलावा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न प्रयोग गरिएका सामग्रीहरु, सूचना व्यवस्थापन, प्रक्रियागत कार्यहरु, नतिजा प्राप्ति, अनुगमन, प्रतिवेदन प्रणाली आदी जस्ता विषयहरुमा समेत जानकारी लिने दिने व्यवस्था भएमा भावी दिनहरुका लागि सहयोग मिल्न सक्दछ । यसै विषयलाई ध्यानमा राखि संघीय सरकार, प्रदेश सरकार र सबै नगर/गाउँपालिकाहरुले विगतको अनुभववाट भएका सिकाईलाई व्यवस्थित गरी मुलुकको वदलिदो परिवेश अनुसार बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यलाई प्राथमिकतामा राखि कार्य गर्नु पर्ने देखिएको छ ।

**(४) स्वायत्त शासन पत्रिका प्रकाशनः**

प्रतिष्ठानले विगत २०६२/६३ देखि प्रकाशन प्रारम्भ भएको स्वायत्त शासन वुलेटीनको प्रकाशनलाई निरन्तरता दिएको छ । निवर्तमान अध्यक्ष श्री खेमराज नेपाल प्रधान सम्पादक रहनु भएको यो पत्रिका २०७५ असार वर्ष ५, अंक १७, १८ श्री पद्मा माथेमा, श्री रबिन्द्रनाथ अधिकारी र श्री विनोदप्रसाद ढकाल सदस्य रहेको सम्पादक मण्डलको तर्फवाट प्रकाशन भएको छ । आ.व. २०७४/७५ मा ३ वटा अंक प्रकाशित भएको छ ।

**(५) क्यालेण्डर प्रकाशनः**

प्रतिष्ठानले विगतदेखि गर्दै आएको क्यालेण्डर प्रकाशनलाई यस वर्षपनि निरन्तरता दिई वि.सं. २०७५ को टेवुल क्यालेण्डर प्रकाशन तथा वितरण गरेको छ ।

**(६) स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुमा सहभागिताः**

स्थानीय निकायका संघ महासंघ र प्रतिष्ठानको कार्य संग मेलखाने निकायहरुले आयोजना गर्ने स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुमा प्रतिष्ठानको सहभागिता रहदै आएको छ । यस विचमा नेपाल नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघ, गाउँपालिका राष्ट्रिय महासंघ, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ट्रान्सपरेन्सी ईन्टरनेसनल नेपाल र नेपाल सरकारका विभिन्न निकायहरुले आयोजना गरेका कार्यक्रमहरुमा प्रतिष्ठानका सदस्यहरुको सहभागिता रहेको छ । प्रतिष्ठान स्थानीय शासन सम्बन्धी प्रयास र संजाल (LOGIN-Asia)को सदस्य रहेको छ । संजालको विकास र विस्तारका लागि प्रतिष्ठानकोसक्रिय भूमिका रहेको छ ।

**(७) ईनलोगस प्रा.लि.संगको सहकार्यः**

आफ्नो उद्देश्य र क्रियाकलाप संग मेल खाने संस्थाहरुसंग सहकार्य गर्ने नीति वमोजिम स्वशासन अध्ययन प्रतिष्ठानले ईनलोगस प्रा.लि. संग सहकार्य गर्दै आएको छ ।

**प्रतिष्ठानमा हाल चालु रहेको कार्यक्रमः**

- सामाजिक सुरक्षाकोषको संगठनविकास अध्ययन।

आदरणीय सदस्यज्यूहरु

प्रतिष्ठानले अवलम्वनगर्नेनीतिहरु यस प्रकार रहने गरी प्रस्तावगर्न चाहन्छुः

१) आवश्यकता अनुसार स्थानीय तथा राष्ट्रिय सरोकारका विषयहरुमा अध्ययन, अनुसन्धान, अन्तरक्रिया गरी सरकारलाई पृष्ठपोषण गर्ने नीति लिईनेछ ।

२) प्रतिष्ठानले सम्वन्ध विकास, साझेदारी, समन्वय र प्रतिष्पर्धाका आधारमा कार्यक्रमहरु खोज गरी कार्यान्वयन गर्ने नीति अनुरुप कार्य गर्दै आएकोमा चालु आवमा पनि यसलाई निरन्तरता दिनेछ ।

३) प्रतिष्ठानका गतिविधि संग सम्वन्ध राख्ने वा यस्तै प्रकारका कार्य गर्ने राष्ट्रिय/अन्तराष्ट्रिय संघ संस्था र निकायहरु संग समन्वय, सञ्जाल र सहकार्य गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

४) प्रकाशनका माध्यमद्वारा सुचना जानकारी र तथ्य तथ्यांकहरु सार्वजनिक गर्दै जाने नीति अनुरुप त्रैमासिक रुपमा प्रकाशन गरिएको स्वायत्त शासन वुलेटीनको प्रकाशनलाई निरन्तरता दिईनेछ ।

५) प्रतिष्ठानको संस्थागत क्षमता विकासका लागि दिगो रणनैतिक अवधारणा तयार गरी भविश्यमा अझ प्रभावकारी ढंगवाट कार्यक्रम संचालन गर्ने कार्यमा सघाउ पुर्‍याउन प्रतिष्ठानका संस्थापक अध्यक्ष श्री खेमराज नेपालको संयोजकत्वमा गठन गरिएको विज्ञ टोलीको कार्यलाई निरन्तरता दिईनेछ ।

सदस्यज्यूहरु

आ.व. २०७५/७६ का लागि देहाय वमोजिम प्रस्ताव गरिएका कार्यक्रमहरु पेश गर्ने अनुमति चाहन्छु:

| क्रस | कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | स्थानीय तहको संस्थागत क्षमता र शासन पद्धति सम्बन्धी प्राविधिक सहयोग कार्यक्रम | विकास साझेदाहरुसंगको सहयोगमा सञ्चालन गरिने । |
| २ | स्थानीय शासन सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम | प्रतिस्पर्धा र संझौताका आधारमा हुने । |
| ३ | स्वायत्त शासन पत्रिका प्रकाशन | प्रतिष्ठानको कोषवाट खर्च हुने । |
| ४ | स्थानीय सरकार र संघीयता सम्बन्धीअन्तरक्रियागोष्ठी संचालन | प्रतिष्ठानको कोषवाटखर्च हुने । केन्द्रस्तरमा एक पटकगर्ने |
| ५ | क्यालेण्डर छपाई | प्रतिष्ठानको कोषवाटखर्च हुने वार्षिक प्रकाशन |
| ६ | प्रतिष्ठानको प्रगतिप्रतिवेदनE-Copyतयारी | वार्षिक प्रकाशन |
| ७ | स्थानीय तहसंगको साझेदारीमा संचालन हुने कार्यक्रम | साझेदारी कार्यक्रम |
| ८ | लगईन लगायतका अन्तराष्ट्रिय र राष्ट्रिय संस्था/संगठन संगको सहकार्य र सहभागिता | प्रतिष्ठानक लगईन-एसियाको सदस्य रहेकोमा यसलाई निरन्तरता दिने । |

प्रस्तुत प्रतिवेदन सदस्यज्यूहरुको फाइलमा राखिएको छ । प्रतिवेदनका विषयहरु माथि छलफल गरी प्रतिष्ठानको आ व २०७४/७५ को कार्य प्रगति र आ व २०७५/७६ को प्रस्तावित नीति तथा कार्यक्रम पारित गरिदिनहुन हार्दिक अनुरोध गर्दछु ।

सदस्य महानुभावहरु:

स्वशासन अध्ययन प्रतिष्ठानको विधान २०६२ (पहिलो संसोधन, २०६६) लाई दोस्रो पटक संसोधन गर्न तेह्रौं साधारण सभावाट निर्णय भए वमोजिम संसोधित विधान जिल्ला प्रशासन कार्यालय, काठमाडौंवाट स्वीकृत भएको छ । प्रतिष्ठानको विधान, २०६२ (पहिलो संसोधन, २०६६) को दफा २३ (३)[1] खारेज गरि स्वशासन अध्ययन प्रतिष्ठानको विधान, २०६२ (दोस्रो संसोधन, २०७५) कार्यान्वयनमा आएको व्यहोरा अनुरोध गर्दछु ।

अन्त्यमा:

प्रतिष्ठानको गतिविधिमा सहयोग र समन्वय गर्ने सरकारी तथा गैर सरकारी संघ संस्था, तिनका पदाधिकारी, विकास साझेदार, अन्तराष्ट्रिय संजाल, प्रतिष्ठानका सदस्य, विज्ञ, परामर्शदाता, कर्मचारी, तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने सम्पूर्ण सबैलाई प्रतिष्ठानको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।
बंशीधर घिमिरे
कार्यकारी अध्यक्ष, स्वशासन अध्ययन प्रतिष्ठान

२०७५ असोज २६ गते शुक्रवार
बानेश्वर, काठमाडौं ।

[1]संस्थापक सदस्यहरु बाहेक अरु साधारणवाआजीवन सदस्यले कार्य समितिको सदस्यमा एक अवधि पूरा नगरी कार्यकारी अध्यक्ष, उपाध्यक्ष र कोषाध्यक्षको उम्मेदवार हुन सक्ने छैन ।